# लेखनाथ नगरपालिकाको २३ औं नगरपरिषदको निर्णय सार्वजनिक समारोहमा प्रस्तुत बजेट नीति तथा कार्यक्रम

## आ.व. २०७३/०७४

२०७२, पौष २८ गते

**लेखनाथ नगरपालिका कार्यालय**

**तालचोक, कास्की ।**

## लेखनाथ नगरपालिकाको २३ औं नगरपरिषदवाट आ.ब. २०७३/०७४ का लागि पारित बजेट, योजना, नीति, कार्यक्रम तथा आय-व्यय विवरण सार्वजनिकीकरणका लागि प्रमुख एवं कार्यकारी अधिकृत श्री लोक बहादुर भण्डारीबाट प्रस्तुत वजेट बक्तव्य

**२३ औं नगरपरिषद वाट पारित वजेट, योजना, नीति तथा कार्यक्रम सार्वजनिक समारोहका प्रमुख अतिथि ज्यूहरु,**

**बिशिष्ट अतिथी ज्यूहरु,**

**अतिथी ज्यूहरु,**

**उपस्थित पार्टी प्रमुख तथा प्रतिनिधि ज्यूहरु,**

**बिभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधि ज्यूहरु,**

**सम्पूर्ण संचारकर्मी साथीहरु,**

**सहकर्मी कर्मचारी साथीहरु तथा उपस्थित सम्पूर्ण आदरणीय नगरवासी आमा बुवा, दाजुभाई तथा दिदी बहिनीहरु ।**

"सात तालको बगैंचा शहर" (The Garden City of Seven Lakes) लेखनाथ नगरपालिकाको २३ औं नगरपरिषदको निर्णय सार्वजनिक गर्न आयोजित यस समारोहमा सर्वप्रथम म राष्ट्र र जनताको लागि आफ्नो ज्यान आहुती दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर शहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अपर्ण गर्दछु । साथै जनआन्दोलन तथा विभिन्न आन्दोलनका क्रममा घाईते एवं वेपत्ता हुनुभएका व्यक्तिहरु प्रति उच्च सम्मान प्रकट गर्दै घाइते भई उपचार गराईरहनु भएका सबैप्रति शिघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछु ।

नेपाली साहित्यका धरोहर कबि शिरोमणि लेखनाथ पौडेलज्यूको नामबाट गठित यस लेखनाथ नगरपालिकाको २३ औं नगरपरिषद्का निर्णय सार्वजनिक समारोहमा कवि शिरोमणि लेखनाथ पौडेलज्यू प्रति भावपुर्ण श्रद्धा सुमन प्रकट गर्दै आजको यस गरिमामय समारोहमा वहाद्धारा रचित कालजयी "पिंजडाको सुगा", "ऋतु बिचार", "सत्यकली संबाद", "तरुण तपसी" समेतका रचनाको सुखद स्मरण गर्न चाहन्छु ।

शहिदहरुको सपना र मार्गदर्शन अनुरुपको विकासलाई सार्थक तुल्याउने यात्रामा हामी सवैलाई प्रेरणा मिल्ने अपेक्षा समेत यस घडीमा गर्न चाहान्छु । साथै यस २३ औं नगरपरिषदको निर्णयहरु सार्वजनिक समारोहमा उपस्थित भै गरिमा वढाईदिनु हुने प्रमुख अतिथीज्यूहरु, बिशिष्ठ अतिथीज्यूहरु, सम्पूर्ण अतिथिज्यूहरु, संचारकर्मीज्यूहरु एवं सम्पूर्ण उपस्थित नगरवासी आमा बुवा, दाजुभाई तथा दिदी बहिनीहरुप्रति हार्दिक स्वागत एवं सम्मान व्यक्त गर्दछु ।

जनताको संबिधान जनताका प्रतिनिधिहरु मार्फत वनाउने करिव सात दशक अगाडिदेखिको हामी नेपाली जनताको चिर प्रतिक्षित संबिधान निर्माणको कार्य संपन्न भै २०७२ आश्विन २ गते "नेपालको संबिधान २०७२" जारी भएको घटना

एवं उपलब्धिका रुपमा हामीले अंगीकार गरेका छौं । युगकै महत्वपूर्ण दिनको रुपमा अंकित "नेपालको संबिधान २०७२" तयारी कार्यमा जनताको प्रतिनिधिको रुपमा भूमिका निर्वाह गर्नुहुने माननीय सभासद / व्यवस्थापिका संसदका माननीय सांसद ज्यूहरु आजको प्रमुख अतिथीज्यूहरुलाई पुनः एक पटक समस्त लेखनाथ नगरवासीका तर्फबाट हार्दिक आभार एवं कृतज्ञता प्रकट गर्दछु ।

साथै चिर प्रतिक्षित संबिधान जारी भए पश्चात मुलुकमा शान्ति सुव्यवस्था एवं अमन चयन कायम भै देशले आर्थिक क्रान्तिको बाटोमा लाग्नुपर्ने वर्तमान अबस्थामा बिशेषत दक्षिण सीमा क्षेत्रमा उत्पन्न बिषम परिस्थितीले हामी सवैलाई गंभीर वनाएको छ । हाल तराईमा श्रृजित समस्या समाधान भै देशले अग्रगमनको दिशा समात्ने बिषयमा हामी आशाबादी रहेका छौं ।

२०७२ वैशाख १२ गतेको बिनासकारी भुकम्प तथा त्यस पछिका श्रृखलावद्ध पराकम्पनबाट ब्यापक धनजनको क्षती र हाम्रो नगरक्षेत्रमा करिव १४०० घर पूर्ण तथा आंशिक रुपमा भत्केर श्रृजना भएको समस्या र यसै बिचमा नेपाल सरकार शहरी बिकास मन्त्रालयवाट पारित मापदण्ड एवं भवन निर्माण संहिता, तथा जग्गा बिकास कार्यक्रम लागू गर्ने सन्दर्भमा केही समय अगाडिको बिशेष नगरपरिषदबाट निर्णय भै लागु भएका नीति नियमको कडाईकासाथ लागू गर्ने बिषयमा नगरपालिका कार्यालय लागि परेको छ यसमा संम्पूर्ण नगरवासीहरुको सकरात्मक सहयोगको हामीले अपेक्षा गरेका छौं । साथै भुकम्पबाट पिडितहरुलाई नेपाल सरकारबाट प्रदान भएको राहत रकम समुचित रुपमा वितरण गरिएको छ साथै उक्त बिनासकारी भुकम्पबाट पुर्ण रुपमा घर भत्कि पुन घर निर्माण गर्न लाग्ने नगरपालिका दस्तुरमा १० प्रतिशत नक्शा पास दस्तुर छुट चालु आर्थिक बर्षबाट नै लागू गर्ने ब्यबस्था मिलाएका छौं ।

बिनासकारी भुकम्प र दक्षिणी सीमा क्षेत्रमा श्रृजित असामान्य परिस्थितीका कारण निर्माण सामाग्रीहरुको चरम मुल्य वृद्धिले गर्दा चालु आ.व.मा सम्पन्न गर्नुपर्ने आयोजना तथा कार्यक्रमहरुको परिमाण तथा परिणाममा समेत ल्याउने प्रतिकुल प्रभावलाई समयमानै आकलन गरि कार्य सम्पादनमा जोड दिनु पर्ने कुरामा ध्यानाकर्षण गराउन चाहान्छु ।

टडकारो आबश्यकता महसुस गर्दा गर्दै पनि भवन निर्माण संहिता लागु गर्न बिबिध कारणवस ढिला भएको यथार्थता हामी माझ छिपेको छैन नेपाल सरकार द्धारा स्वीकृत भवन निर्माण संहिता लागू गर्ने उद्धेश्यका साथ चालु आ.ब. बाट नै कार्यान्वयन गर्न नगर क्षेत्रमा भवन संरचना निर्माण कार्य गर्ने १३२ जना निर्माण ब्यवसायीका लागि कालिगढ तालिम प्रदान गरि घर निर्माण नक्शापास कार्य सँग आबद्ध गर्ने ब्यबस्था मिलाएका छौं ।

नगरको प्रमुख पर्यटकीय स्थल वेगनासतालमा गत आषाढ देखि जलकुंभी झारको प्रकोप वढि माताललाई नै कुरुप वनाएकोमा नगरपालिकाको अनुरोधमा नगरवासी एवं बिभिन्न सामाजिक संघ संस्थाको अग्रसरतामा करिव २८०० जनाको सहभागितामा जलकुंभी सरसफाई अभियान सफल रुपमा संचालन गरेका छौं । उक्त समस्या पुर्ण रुपमा सम्पन्न भएको छैन हिउदको यो चिसो कमी हुनासाथ फाल्गुण दोश्रो हप्ता पश्चात हामी यस अभियानलाई पुन निरन्तरता दिनेछौं । र क्रमश यो अभियानलाई अन्य वाँकी तालहरुका साथै वडाका टोल वस्ती सरसफाई सम्म बिस्तार गर्ने सोच वनाएका छौं यसमा आदारणिय नगरवासीहरुको सक्रिय सहयोगको अपेक्षा गरेका छौं । यसका साथ साथै नगरमा बिद्यमान चुनौति र अवसरहरु यस प्रकार रहेका छन् ।

चुनौतीहरु

- गुणस्तरीय पुर्वाधार निर्माण र ब्यबस्थापनमा लागि श्रोत ब्यवस्थापन एवं क्षमता अभिबृद्धि र समन्वय कायम गर्ने ।
- सर्वसुलभ र गुणस्तरीय खानेपानी, बिद्युत, संचार लगायतका अत्यावश्यक सेवाका उपलब्धता ।
- ब्यवस्थित जग्गा बिकास कार्यक्रम ।

अवसर

- चेतनाको स्तर वृद्धि सँगै नगरवासीहरुमा बिकास प्रति नया उत्साह र जागरण ।
- भौगोलिक धार्मिक, साँस्कृतीक, जैबिक एवं पर्यावरणिय बिबिधता प्रचुर मात्रामा रहेको ।
- नगरको बिकास प्रयासमा बिकास साझेदाहरुको सहयोग र सद्भाव रहनु ।

पोखरा उपत्यकाको पुर्ववर्ति भागमा जिल्ला सदरमुकामबाट वाहिर रहेको यस नगरमा ४ नं. प्रदेशका महत्वपुर्ण प्रशासनिक संरचना रहने वातावरण श्रृजना गर्ने तर्फ अहिले देखि नै लाग्नुपर्ने हामीले महशुस गरेका छौं । वर्तमान यस नगरका आर्थिक हैसियत प्राथमिक अवस्थाका नै छन् तथापी यसको भबिष्य अत्यन्त समुज्वल रहेको हामीले महशुस गरेका छौं । नगरलाई समृद्ध वनाउन प्रशासनीक खर्चको हद सीमामा राख्नुपर्ने तथा आन्तरिक आय बढाउनुपर्ने , राजश्वका नया क्षेत्रको पहिचान एवं परिचालन गर्नुपर्ने, सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण एवं परिचालन समेतको ब्यवस्थापन, बिकास मुखी राजनैतिक संस्था, ब्यवसायिक कर्मचारी तन्त्र र सहयोगी एवं श्रृजनशिल समाजको श्रृजना गर्नुपर्ने हाम्रो प्रमुख ध्येय रहेको छ ।

प्राप्त उपलब्धिको समुचित बितरणको सुनिश्चितता, सिमान्तकृत समुह र भौगोलिक क्षेत्रको समन्यायिक बिकास निर्माण कार्यमा समुदायको एवं वास्तबिक सहभागिता प्रवर्द्धन, स्थानीय स्तरको सेवा प्रभावकारी वनाउन र स्थानीय लोकतन्त्रको जनाधार देखि नै संस्थागत बिकास गर्नु, दक्ष जनशक्ति बिकास तथा रोजगारीको अवसरमा ब्यापक बृद्धि गर्नु हाम्रो प्रमुख बिषयहरु हुन् ।

यस नगरपालिकाको आ.ब. ०७३/०७४ को बार्षिक बजेट नीति, योजना तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु । जनताले आफ्ना आवश्यकतालाई सम्वोधन गर्ने योजनाहरु आफ्नै सहभागितामा छनौट गर्न सकुन भन्ने अवधारणा अनुरुप प्रत्येक वडावासीहरुको व्यापक सहभागितामा वडास्तरिय योजना तर्जुमा गोष्ठि, विषयगत योजना तर्जुमा गोष्ठि, एकीकृत योजना तर्जुमा गोष्ठिमा विभिन्न सरोकारवालाहरु बीच अन्तरक्रिया एवं छलफल गरी नगरपालिकाको बैठकमा छलफल भई तयार पारिएको आगामी आर्थिक वर्ष ०७३/०७४ को वार्षिक नगरविकास योजनाको स्वीकृत नीति, कार्यक्रम तथा बजेट विवरण सहित यहाँहरुसामु उपस्थित भएको छु । हामी अपेक्षा गर्दछौं, प्रस्तुत बजेट नीति तथा कार्यक्रम कार्यान्वयन गरिरहंदा मुलुकमा स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधीको आगमन भै लामो समय देखी रिक्तता रहेको स्थानीय निकाय पूर्ति भै नगरको विकासका लागि थप मार्गदर्शन मिल्नेछ भन्ने आशा एवं विश्वास लिएको छु ।

प्रस्तुत बजेट, नीति तथा कार्यक्रम स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६, स्थानीय निकाय श्रोत परिचालन तथा ब्यबस्थापन कार्यबिधि २०६९ ले निर्दिष्ट गरेका योजना छनौट प्रक्रियाहरुलाई अवलम्वन गरी सहभागिता एवं समावेशीमुलक ढङ्गले तर्जुमा गरिएको छ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र जि.वि.स कास्कीबाट प्राप्त बजेट सिलिङ्ग तथा मार्गदर्शन, तेह्रौ योजना, हालै मात्र संयुक्त राष्ट्र संघले पारित गरेका दिगो बिकासका लक्ष्यहरु (STGS), भुकम्प पछिको पुननिर्माण, नेपाल पक्ष भएका महिला, वालवालिका, अपांगता भएका ब्यक्ति र आदिवासी जनजातिसँग सम्बन्धित अन्तराष्ट्रिय सन्धि संझौतामा उल्लेख भएका राष्ट्रिय दायित्व पुरा गर्ने कार्यक्रम, विभिन्न तहवाट प्राप्त हुन आएका सुझावहरु, राष्ट्रिय नीतिहरु, गत तथा चालु आ.व का नीति तथा कार्यक्रम कार्यान्वयनको प्रभावकारीतावाट प्राप्त सिकाईहरुका आधारमा आगामी आ.व को लागि प्रस्तुत बजेट नीति तथा कार्यक्रम तयार गरिएको छ । यसरी यस बजेट नीति तथा कार्यक्रमको कार्यान्वयनवाट नगरपालिकाले लक्षित गरेका उद्देश्यहरु हासिल गर्न सघाउ पुग्ने विश्वास लिएको छु ।

स्थानीय निकाय जनताको अत्यन्त नजिकको स्थानीय सरकार हो । र स्थानीय सरकारसँग जनताका धेरै अपेक्षा समेत हुने गर्दछन् । समावेशी विकास र त्यसमा सहभागिता र जनताको अधिकतम हितलाई सम्वोधन गर्दै स्थानीय प्रजातान्त्रीक अभ्यासको सुदृढीकरण गर्ने, लोकतन्त्रको लाभहरुलाई वितरण एवं शसक्तिकरण, समावेशीकरण मार्फत मूल प्रवाहीकरण गर्ने नैं आजको चुनौती र अवसर हो ।

योजना तर्जुमाका वखत सकेसम्म सवै क्षेत्र, वर्ग, लिङ्ग र समुदायको सहभागिता रहन सकोस भन्ने तर्फ ध्यान पुर्‍याएका छौं । यद्यपी सिमित श्रोत र साधनहरुवाट हाम्रा असिमित आवश्यकता परिपूर्ति गर्न नसक्ने यथार्थता हाम्रो सामु

रहेकोमा उपलब्ध श्रोत साधनको उच्चतम उपयोग गर्ने तर्फ विशेष ध्यान दिएका छौं । यसका लागि स्थानीय आवश्यकताहरुलाई प्राथमिकताका आधारमा श्रोत, साधनको विनियोजन गरेका छौं ।

सिमित श्रोत, साधन एवं असिमित इच्छा र चाहानाका विच नगरपालिकाको सर्वोच्च निकाय नगरपरिषदबाट बार्षिक नगर योजना तर्जुमा गर्नु निश्चित रुपमा चुनौतीपूर्ण छ नै तथापी प्राकृतिक श्रोत र सम्पदाको समुचित उपयोग गर्दै, नगरलाई समृद्ध गराउन धेरै योजनामा रकम विनियोजन गरी क्रमागत योजनाका रुपमा बर्षेनी रकम छर्नु भन्दा केही लेखनाथका गौरबका योजनाहरुलाई रकम विनियोजन गर्ने नीति हामीले अख्तियार गरेका छौं । नगरमा भएका महत्वपूर्ण गोष्ठी/सेमिनारबाट अभिव्यक्त विचार समेतका आधारमा निम्न योजनाहरुलाई उच्च प्राथमिकता दिई रकम विनियोजनाको व्यवस्था मिलाएका छौं ।

- पहाडी क्षेत्रको खानेपानी
- सडक स्तरोन्नती
- चिडियाखाना निर्माण कार्य
- फोहर मैला ब्यवस्थापन
- वडा कार्यालय तथा सामुदायिक स्तरको भवन निर्माण
- तालवरपर पैदल मार्ग निर्माण
- लक्षित तथा जनजाति संग्राहलय निर्माण

उपस्थित महानुभावहरु, अव म आगामी आर्थिक वर्षको लागि लिइएका बजेट नीति तथा कार्यक्रमहरु प्रमुख रुपमा यस पूर्व २१ औं नगरपारिषद्बाट स्वीकृत भएका समय सापेक्षित बिगतका नीतिहरुलाई निरन्तरता दिदै परिमार्जित नीतिका बारेमा संक्षिप्त बिवेचना गर्न चाहान्छु ।

## क. पूर्वाधार र संरचना विकास नीति

१. भौतिक पूर्वाधारहरु निर्माण गर्दा बाल मैत्री, अपाङ्ग मैत्री, लैङ्गिक मैत्री बनाई अपाङ्ग .वालवालिका, महिला एवं पिछडीएका वर्ग एवं क्षेत्रका जनताको पहंच वृद्धि गरिनेछ ।

२. नगरको भू-उपयोग सम्वन्धी अध्ययन गराई सो को आधारमा पूर्वाधार विकासका कार्यक्रमहरु अगाडी वढाउन पहल गरिनेछ ।

३. भैरहेका सडकको स्तरन्नोती र मर्मत संभारमा जोड दिइनेछ ।

४. सडक निर्माण तर्फका योजनाहरु छनौट गर्दा सडकको लम्वाई, लागत, लाभान्वित जनसंख्या, गाडीको चाप, बजार केन्द्र, संभाव्य कृषि तथा औद्योगिक क्षेत्र जस्ता विषयलाई आधारमानी सडक छनौट र वर्गिकरण गर्ने र साना समूहगत भवन तथा योजनाहरुको संख्यामा कटौती गर्दै जाने नीति लिइनेछ ।

५. सडक निर्माणको क्रममा विभिन्न भौतिक संरचनाहरु र खानेपानी , भवन , पूल पूलेसा पुरातात्विक, धार्मिक स्थलहरुको संरक्षणको कार्यलाई मध्यनजर गरी क्षति हुन गएमा त्यस्ता संरचनाहरु सम्वन्धीत उपभोक्ता समिति/निर्माण व्यवसायीले नै पूर्ननिर्माण तथा मर्मत संभार गर्नुपर्ने व्यवस्थालाई कडाइका साथ लागु गरिनेछ ।

६. सडकको अधिकार क्षेत्र भित्रका जग्गाको लगत कट्टा गरी नेपाल सरकारको नाममा ल्याउन पहल गरिनेछ । उक्त जग्गाहरु नेपाल सरकारका नाँउमा आए पछिमात्र भौतिक निर्माणका लागि स्विकृती प्रदान गरीने छ ।

७. नगर क्षेत्रभित्र संचालन गरिने रियल स्टेट/प्लटीङ कार्य गर्दा प्राकृतिक भू-वनौट एवं नगरको सौन्दर्य नै विग्रने गरी संचालन गरिने जग्गा विकास कार्यक्रम एवं अन्य पूर्वाधार निर्माणमा निरुत्साहित गरिनेछ । र लेखनाथ नगरपालिकाको जग्गा विकास मापदण्ड २०७२ लाई कडाईका साथ लागू गरिने छ ।

८. घर तथा आवास निर्माण गर्दा भवन संहिताका आधारहरु तोकि लागु गरिनेछ । राष्ट्रिय भवन संहिता तथा लेखनाथ नगर पालिकाको नक्शापास सम्बनिध नियम स्विकृत गरी सो बमोजिम लागु गरिने छ । भबन निर्माण कार्यका लागि नगरपालिकाबाट स्विकृत प्राप्त निर्माण ब्यवसायीले मात्र बनाउन पाउने नीति अबलम्बन गरिने छ सो का लागि नगरमा रहेका निर्माण ब्यबसायीहरुलाई निरन्तर आवश्यक तालिम उपलब्ध गराईनेछ ।

९. नगर क्षेत्रभित्र ठूला शहरी पूर्वाधारहरु–रंगशाला निर्माण, बस टर्मिनल,सिटीहल वधसाला ,ल्याण्डफिल साईट, पार्क व्यवस्थापन ,पार्किङ्ग व्यवस्थापन तथा एकिकृत जग्गा विकास जस्ता कार्य आरम्भ गर्न नेपाल सरकार एवं दातृ निकायहरु संग पहल गरिने छ । सोही अनुरुप कार्यक्रममा समावेस गरीने छ । पार्क व्यवस्थापनको प्रभाबकारी कार्यन्बयनका लागि बालक्रिडा स्थल को व्यबस्थाका लागि पहल गरिने छ ।

१०. योजनाहरुमा जनसहभागिता एवं लागत सहभागिताको पक्ष न्यून वन्दै गइरहेको कटु यथार्थतालाई मनन गरी योजनाहरु छनौट गर्दा स्थानीय जनसहभागिता वढीहुने क्षेत्रका योजना तथा कार्यक्रमलाई प्राथमिकता दिइने छ । साथै प्रत्येक योजनामा न्यूनतम १५ प्रतिशत जनसहभागिता जुटाईनेछ ।

११. योजनाहरुको प्रभावकारी अनुगमन, मुल्यांकन गरी सोको आधारमा राम्रो काम गर्ने उपभोक्ता संस्थालाई र तोकिएको समयावधि भित्र सबै भन्दा पहिला योजना सम्पन्न गर्ने वडालाई वडागत रुपमा बिकासको लागी पूर्वाधार र संरचना विकास समितिको सिफारीसमा प्रोत्साहन गरिनेछ ।

१२. नगरको सौन्दर्य समेतलाई प्रतिकुल असर पर्ने गरी नगरका सार्वजनिक पर्ति जग्गा, तालकिनारका क्षेत्र एवं सडक मापदण्ड समेत अतिक्रमण गरि बनाइएका अनाधिकृत घर टहरा लगायतका संरचनाहरु हटाउन पहल गरिनेछ । चालु आ.व देखिनै ताल वरपर मापदण्डविपरित वनेका घर टहराको लगत संकलन गरी हटाईने छ र अन्य ३ वर्षमा संपूर्ण नगर क्षेत्र भित्र सो कार्यक्रम संचालन गरीने छ ।

१३. नगरलाई छिमेकी गा.वि.स. संग सरल पहुचका लगि आवश्यक पर्ने पूर्वाधारका लागि नेपालसरकार एवं दातृ निकाय संग पहल गरिने नीति लिइनेछ । जस्तै ले.न.पा माम्फठाना जोड्नलाई स्याङ्गखुदीमा पुल , ले.न.पा. हंसपुर गा.वि.स जोड्नलाई तालवेसमिा पुल , ले.न.पा. देउराली गा.वि.स जोड्नलाई फेदीमा पुल, ले.न.पा.२ तल्लो डहरसाँघु पोखरा १८ जोड्नलाई साघुमा पुल , ले.न.पा. ५ र पोखरा १४ जोड्नलाई साघुको मुखमा पुल , ले.न.पा १७ जोड्नलाई चमेरेघाटमा पुल साथै ले.न.पा ५ र पोखरा

२२ जोड्न साम्फामा पुल ,ले.न.पा. १८ र स्याङ्गजा जिलला जोड्न टक्सारमा पक्की पुल तथा तँनहु र कास्की जोडने् खुदिखोला दोभानको पुल सहयोगका लागि संवन्धित निकायमा पहल गरीने छ ।

१४. विद्युत, टेलिफोन, लाईन एवं इन्टरनेट सेवाहरुलाई व्यवस्थित एवं विस्तार गर्न पहल गरिनेछ । विद्युत, टेलिफोन, केवुल लाइन, खानेपानी पाईपहरु सार्वजनिक सुरक्षाको हितलाई ध्यानमा राखी सडकको अधिकार क्षेत्रको आधारमा व्यवस्थित गर्ने व्यवस्था मिलाईने छ र सोहि अनुसारको पहल विषय गत कार्यालय संग गरीने छ ।

१५. आवधिक योजना २०६३–२०६८ को समयावधि सम्पन्न भएकोले निरन्तरताको लागी पहल गरी समय सापेक्ष अध्यावधिक गरिनेछ ।

१६. सडक निर्माण गर्दा वातावरण मैत्रि वनाउन सडकको दाया वाया वृक्षारोपण कार्यलाई प्रोत्साहन गरीनेछ । नगरपालिकालाई बाताबरण मैत्रि शासन कार्यक्रम लागु गर्न प्रेरित गरिने छ ।

१७. आगामी ३ वर्षमा प्रतेक नगरवासीमा सहज खाने पानी पहुचका लागि भै रहेका आयोजना तथा खानेपानीका श्रोतहरु सहभागितात्मक रुपमा संरक्षण गरि खानेपानीको सहज आपुर्ति गरिने कार्यलाई निरन्तरता दिइने छ । सबै पहाडि भागमा खानेपानी सहज वनाउनका लागि लिफ्ट सिस्टम निर्माणकार्यका लागि रकम विनियोजन गर्ने कार्यको निरन्तरता दिइने छ ।

१८. रणनैतिक महत्वका सडकहरुलाई विशेष महत्वका साथ अगाडि वढाईने नीति लिईने छ।
जस अनुसार अगामी ३ वर्षमा १५ कि.मी कालोपत्रे, ४० कि.मी स्तरउन्नति गरीने छ । रणनैतिक महत्वका सडकहरुलाई तपशिल अनुसार वर्गीकरण गरीने छ ।

क) प्राथमिकता नं.१ का सडकहरु : राजमार्गसंग समानान्तर हुने र पोखरा नगर छुने सडकहरु र पर्यटन मार्ग । (जस्तै कोत्रे छुचि जनताकोचौतारा हुदै विजयपुर भित्रि सडक)

ख) प्राथमिकता नं.२ का सडकहरु : छिमेकी गा.वि.स जोड्ने सडक र राजमार्ग देखि भित्रि वजार

जोड्ने सडकहरु ।

ग) प्राथमिकता नं.३ का सडकहरु : एक वजार ताथा एक टोल वाट अर्को वजार तथा टोल जोड्ने सडकहरु ।

१९. न.पा. को बिकास निर्माण कार्य गर्दा नगरपालिकामा क्रियाशिल दातृ निकाय NGO,INGO,सामुदायिक संघ,संस्था ,विषयगत कार्यालय ,टोल विकास संस्था,आमा समुह तथा अन्य गठित समिति संग आबश्यक समन्वय गरीने छ ।

२० . भवन निर्माण आचर संहिता कडाइका साथ लागु गरिने छ ।

२१. Quality Assurance का लागि ठूला आयोजनाहरु (रकम रु ३० लाख भन्दा माथिका)लाई आवश्यक पर्ने Quality Test का निम्ति सोही आयोजनाको Contigency रकम वाट वढिमा रकम रु ५०,०००। खर्च गर्न सक्ने कार्यक्रमको थालनी गरीने छ ।

२२. All Weather Roads को अबधारणाको बिकासका लागि पहाडी भेगका रणनैतिक महत्बकासडकहरुलाई कालोपत्रे तथा स्तरोन्नती कार्यलाई अगाडि बढाउने कार्यलाई निरन्तरता दिइनेछ । पहाडी भेगका सडकहरुलाई स्तरोन्नती कार्यलाई प्रभाबकारी बनाउन ८०% न.पा. अनुदान तथा न्यूनतम २०% को लागत सहभागिताको मोडेल लागु गरिने छ ।

२३. नगरपालिका क्षेत्र भित्र रहेका प्राथमिक बिधालय , निम्न माध्यमिक बिधालय , माध्यमिक बिधालय , उच्च माध्यमिक बिधालय को शैक्षिक बिकासका लागि अंग्रेजी माध्यम बाट शिक्षण अभ्यास गराइने बिधालयलाई प्रोत्साहन स्वरुप पूर्बाधार बिकासका लागि बजेट म्याचिङ्ग गरिने छ ।

२४. लेखनाथ नगरपालिका भित्रका ताल तथा जलाधार क्षेत्रमा पर्यटन बिकासका लागि १(एक) कि.मी. को पर्यटकिय मार्ग निर्माण गरी आगामी बर्षहरुमा सोकार्यलाई निरन्तरता दिइने छ ।

२५. देशमा विद्यमान उर्जा संकटलाई मध्यनजर गर्दा नयाँ निर्माण हुने भवन(निजी तथा संस्थागत)लाई जम्मा आवश्यक उर्जाको २५% सौर्य उर्जा जडान गराउने नीती लिइने छ ।

२६. नगरपालिका क्षेत्रमा चिडियाखाना निर्माणकालागि बिस्तृत परियोजना प्रतिबेदन तथा अध्ययन अनुसन्धान कार्यलाई अगाडि बढाइने छ । सो कार्यका लागि नगर स्तरीय ब्यबस्थापन समिति निर्माणका लागि पहल गरिने छ ।

२७. अध्ययनमा रहेको रुपातालको सागुरेमा बम्बि जम्प कार्यलाई अध्ययन रिपोर्टका आधारमा म्याचिङ्ग फण्ड बाट रकम बिनियोजित गर्ने नीति लिईने छ ।

## ख: कृषि वन तथा वातावरण सम्वन्धी नीति

### कृषि

१. कृषि सामाग्री, उन्नत बिउ बिजन खरिद, दुग्ध संकलन घाँस खेतीआदीका लागि ब्यबसायिक कृषक एवं कृषक समुहहरुलाई प्रोत्साहन गरिनेछ ।

२. नगरपालिका क्षेत्रमा पशुपालन, करेशाबारी तथा तरकारी एवं फलफुल खेतीलाई प्रबद्धन गर्न भकारो सुधार कार्यक्रमलाई अगाडि बढाईनेछ ।

३. नगर क्षेत्र भित्र (Organic) प्रांगारिक खेती गर्न कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।

४. प्राकृतिक प्रकोप परि खेतीबाली नोक्सान हुन जादा कृषकहरुमा पर्न जाने मर्कालाई मध्यनजर गरि निश्चित आधारहरु तोकी राहत उपलब्ध गराउन **एक कृषक राहत कोष**को वृद्धि गरिने छ ।

५. नगरमा कृषि प्राबिधिकको कमी भै रहेको अबस्थामा कृषकलाई कृषि प्रबिधि सहज रुपमा पुर्‍याउनका लागि शहरी कृषि प्राबिधिक व्यबस्था गर्न आबश्यक पहल गरिनेछ ।

६. कृषिमा ब्यबसायीकरण, बजारीकरण र सामाजिक सम्मानको वातावरण सृजना गर्ने नीति लिईने छ ।

७. माटो परिक्षण कार्यक्रम संचालन गर्ने कार्यलाई यस वर्ष पनि निरन्तरता दिईनेछ ।

८. कृषि तथा पशुपालन विकासको लागी कृषक समुह समिति सहकारी गैर सरकारी संघ संस्था र स्थानीय समुदायसगँ साझेदारी गरिने छ ।

९. कृषिको ब्यबसायिक खेती गर्ने सहकारी, समुह तथा ब्यक्तिलाई साझेदारी कार्यक्रम मार्फत सहुलियत दरमा ऋण उपलब्ध गराईने छ ।

१०. नगर क्षेत्र भित्र हुने बिशेष किसीमका कृषि उत्पादनहरु जस्तै सुन्तला, उखु आदि उत्पादन हुने क्षेत्रलाई प्राथमिकतामा राखी जगेर्ना गरि संरक्षण गर्ने नीति लिइनेछ ।

## पशुपालन

१. नगरमा दुध, माछा तथा मासुको आपुर्तिकालागि ब्यबसायिक उत्पादन गर्ने ब्यबसायिहरुलाई प्रबद्धन गर्ने नीति लिईनेछ ।

२. कृषि तथा पशुपालन समुहहरुलाइ सार्वजनिक ऐलानी जग्गाहरुमा घाँस खेती, जडीवुटी खेती तथा सामुहिक खेतीको लागि लिजमा लिई उपयोग गर्न प्रोत्साहन गरिनेछ ।

३. पशु धनको क्षती न्युनिकरणको लागी रोग नियन्त्रण गर्न खोप कार्यक्रम तथा पशु स्वास्थ्य शिविर संचालन गर्ने कार्यलाई यस वर्ष पनि निरन्तरता दिईनेछ ।

४. व्यबस्थीत पशु वधशाला निर्माण गर्न उपयुक्त स्थानमा जग्गा प्रस्ताव गरी पहल गरिनेछ । साथै स्वस्थ पशुजन्य उत्पादन तथा विक्री वितरण सम्वन्धी सरोकावालहरुको क्षमता अभिवृद्धि,अभिमुखीकरण तथा अनुगमन गर्ने कार्यलाई व्यबस्थित गरिने छ ।

५. नगरक्षेत्रमा मासु पसल दर्ता गर्दा न्यूनतम मापदण्ड पूरा भएका पसलहरुलाई मात्र इजाजत पत्र दिईने नीति अबलम्बन गरिनेछ ।

६. आगामी वर्ष भित्रमा लेखनाथ नगरपालिकालाई दुध उत्पादनमा आत्म निर्भर नगरपालिका घोषणा गर्ने नीति लिईनेछ ।

## पर्यटन

१. पर्यटकीय क्षेत्र, स्थल, परम्परागत कला संस्कृतिको संरक्षण, नयाँ पर्यटकीय क्षेत्रको प्रचार प्रसारमा सम्बद्ध निकायहरुसँग समन्वय गरिनेछ ।

२. सात तालको मनोरम दृश्य, उपलब्ध जैविक विविधता, धार्मिक /पुरातात्वीक क्षेत्र, रामसार क्षेत्र, भ्यू प्वाइन्टहरुको बारेमा सरकारी, निजी एवं गैरसरकारी निकाय एव समुदायको सहयोग र समन्वयमा व्यापक प्रचार प्रसारका लागि समन्वय गरिनेछ ।

३. गैरसरकारी एवं निजी क्षेत्रको समन्वयमा होमस्टे प्रवर्द्धन तथा पर्यटन सूचनाकेन्द्रको निर्माण र संचालन लाई जोड दिइनेछ ।

४. पर्यटनमा आधारित उद्योगहरु स्थापना गर्न प्रोत्साहिन गर्ने नीति अवलम्वन गरिने छ।

५. नगरमा पर्यटनमैत्री बातावरण निर्माण गर्न आतिथ्यता सत्कार सम्बन्धि प्रशिक्षण कार्यको शुरुवात गरिनेछ।

६. कबि शिरोमणि लेखनाथ पौडेलको जन्म स्थल अर्घौ अर्चले तथा परिसरका पर्यटकीय संभावनाका क्षेत्रहरुलाई समेटनेगरि **साहित्यिक पर्यटन स्थल** निर्माण गर्न नेपाल सरकारको समेत सहयोगमा गुरुयोजना तयार गर्न पहल गरिने छ।

७. नगरमा पर्यटन विकासको गतिविधिलाई अघि वढाउने पर्यटन बिकास सम्बन्धि कार्यलाई प्रचार प्रसार गर्न ब्रुसर प्रकाशन गरी पर्यटकीय स्थलहरुको जानकारी गराईनेछ।

८. लेखनाथ नगरपालिका क्षेत्रमा पर्यटन बिकासको प्रचुर संभावना भएकोले यस नगरपालिका क्षेत्र भित्रका पर्यटकिय महत्वको पर्यटकिय नक्शा तयार गरि पर्यटकलाई जानकारी मुलक सामाग्रीको बिस्तारमा जोड दिईने नीति लिईनेछ।

९. लेखनाथ नगरपालिका भित्रमा संभाब्य पर्यटकिय स्थलहरुको पहिचान/प्रचार/प्रसार गर्न चालु आ.व. लाई लेखनाथ भ्रमण वर्षको रुपमा मनाईनेछ भने आगामी वर्षमा पनि यस कार्यलाई निरन्तरता दिईनेछ।

१०. लेखनाथ नगरपालिका नगर क्षेत्रको पर्यटकिय महत्वलाई ध्यान दिदै चालु आ.ब. भित्रमा लेखनाथ नगरपालिका स्तरिय पर्यटन विकास समिति गठन गरिनेछ र सो को संचालनका लागि बजेटको बिनियोजन गरिएको छ।

## वातावरण

१. ठूला पूर्वाधारहरुको निर्माण गर्नुपूर्व अनिवार्यरुपमा वातावरणीय अध्ययन गराउनु पर्ने नीतिगत व्यवस्थालाई कडाईका साथ पालना गरिनेछ।

२. सामुदायिक वनहरुमा जथाभावी रुख काट्ने प्रवृतिलाई निरुत्साहित गरिनेछ।

३. समुदाय एवं टोल बिकास संस्थाको क्षमता अभिबृद्धि गरि फोहर न्युनिकरण एवं उपभोग गर्न परिचालन गरिने छ साथै फोहर बिर्सजनको लागि अल्पकालीन, मध्यकालीन र दिर्घकालीन नीति अबलम्बन गरि निजी क्षेत्रको समेत सहकार्यमा फोहर संकलन एवं ब्यबस्थापन कार्य लाई यसै वर्ष देखि शुरु गरिनेछ।

४. नगरमा श्रृजना हुने फोहोरमैला व्यवस्थापन गर्न हालसम्म सेनिटरी ल्याण्ड फिल्ड साइट नभई रहेको सन्दर्भमा नगरको वडा नं. १३ सातपत्रेका साथै नगरका अन्य संभाब्य स्थानमा समेत अध्ययन गरि सेनिटरी ल्याण्ड फिल्ड साइट निर्माण गर्न आवश्यक प्रक्रिया आरम्भ गरिनेछ।

५. नगरमा श्रृजना हुने फोहोरमैला ब्यबस्थापनको लागि वडा स्तरीय फोहर मैला ब्यबस्थापन समितिको गठन गरि फोहर मैला बर्गिकरण गर्ने अभिमुखिकरण कार्यक्रमलाई अगाडि बढाइने छ।

६. नगर क्षेत्र भित्रका सम्वद्ध सरोकारवालाहरु सहितको वडा स्तरिय सरसफाई समिति गठन गरि उक्त समिति समेतको सहयोग र सहभागितामा आगामि ९ वर्ष भित्रमा नगर क्षेत्रलाई सफा शहर घोषणा गरिने छ।

७. आगामी आर्थिक वर्ष देखि लेखनाथ नगरपालिका क्षेत्रलाई प्लाष्टिक झोला मुक्त नगर घोषणा गरिने छ साथै कटन झोला उत्पादक ब्यबसायीहरुलाई ब्यवसाय दर्ता शुल्क छुट दिईने निर्णयलाई यस वर्ष पनि निरन्तरता दिईनेछ।

### वन

१. वन क्षेत्रको बिकासका लागि नगरक्षेत्रमा क्रियाशिल सामुदायिक बन उपभोक्ता समुहहरुको संजाललाई प्रभावकारी संचालन गर्न अभिमुखिकरण तथा शशक्तिकरण तालिम कार्यक्रमहरुको संचालन गरिने छ ।

२. नगरमा राजमार्ग दायाँवायाँका भागमा बृक्षारोपणका लागि स्थानीय जनताको सहभागितामा राजमार्ग हरीयाली प्रबर्द्धन कार्यलाई यस वर्ष पनि निरन्तरता दिईनेछ ।

३. नगरको प्रवेश द्धार कोत्रेस्थित शहिद स्मृती पार्क तथा बेगनास तालको मन्दरे पार्क र बराह क्षेत्रमा सरकारी निजी क्षेत्रको साझेदारीमा निर्माण व्यबस्थापन र संचालन गर्न पहल गरिनेछ ।

४. सामुदायिक वनको व्यबस्थापनको लागि केही सामुदायिक वनको तारवार गर्ने कार्यलाई योजनामा समावेश गरिनेछ ।

## ग) जनसंख्या तथा सामाजिक नीति

१. गरिव तथा विपन्न वर्गका लागि लुमन्तीसँगको साँझेदारीका आवास कार्यक्रमलाई यस बर्ष पनि निरन्तरता दिईने छ ।

२. गरिवी न्यूनिकरणका लागि संचालन गरिने कार्यक्रमहरुमा पिछडिएको वर्ग, महिला, दलित, जनजाति, आदीवासीलाई स्वरोजगार तथा आत्मनिर्भर बनाउनका लागि सहभागिता गराईने छ ।

३. टोल विकास संस्थाको विकास तथा बचत संकलन एवं परिचालन कार्यक्रमलाई प्रभावकारी वनाईनेछ ।

४. गाउँ नगरसाँझेदारी तथा शहरी गरिवि न्यूनिकरण कार्यक्रम मार्फत प्रदान गरिएको ऋणको खराव कर्जालाई प्रभावकारी ढंगले असुल्ने व्यवस्था मिलाई नगरपालिका साँझेदारी विकास कोषलाई प्रभावकारी बनाईनेछ ।

५. नगरक्षेत्रभित्र रहेका टोल विकास संस्थाहरुलाई नगरपालिकाका अन्य कार्यक्रमहरुमा समेत साँझेदारी गराई प्रभावकारी रुपमा परिचालनको व्यवस्था मिलाईने छ ।

६. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता पाउने व्यक्तिहरुको लागत अद्यावधिक गरी सार्वजनिक गराईनेछ । र नेपाल सरकारको निर्देशनअनुसार सामाजिक सुरक्षाको रकम वैंक वाट वुझ्ने व्यवस्था मिलाईएको छ ।

### शिक्षा

१. नगरमा संचालित स्नातक तहको अध्यापन हुने क्याम्पसहरुको संचालन र व्यवस्थापनको लागि सम्वन्धीत निकायहरुमा पहल र सहयोग पुऱ्याउने नीति अवलम्वन गरिने छ ।

२. विद्यालय जाने उमेरका सवै बालवालिकाहरुलाई विद्यालय भर्ना गर्न लगाउने नीति लिइनेछ ।

३. नगरमा निरक्षर उन्मुलन अभियानका लागि जिल्ला शिक्षा कार्यालयसँग सहकार्य गरी निरन्तरता दिईने छ ।

### सहकारी तथा उद्योग सम्बन्धी

१ लक्षित बर्गका लागि सीप विकास तर्फ प्रदान गरिने तालिम तथा सामाग्रीहरुबाट उद्यमशिलताको विकास गर्दै उनिहरुलाई प्रवर्द्धन गर्ने नीति लिईने छ ।

२ घरेलु तथा साना उद्यमीहरुलाई प्रोत्साहन गर्दै गाँउनगर साँझेदारी तथा गरीवी निवारण कार्यक्रमबाट लगानीमा प्रव्रर्द्धन गरिने छ ।

३ नगरभित्र उपयुक्त स्थानमा औद्योगिक क्षेत्रको स्थापनाको लागि नेपालसरकारसँग आवश्यक पहल गरिने छ ।

४ रोजगारी सृजना र आर्थिक विकासमा वढी योगदान पुऱ्याउने ठूला उद्योगको विकासमा निजीक्षेत्रलाई प्रोत्साहित गरिनेछ भने त्यस्ता उद्योगहरु संचालन गर्दा वातावरणमैत्री बनाउने पक्षलाई जोड दिइने छ ।

५ समाजमा सहकारिताको विकास गराई समुदायमा आधारित सहकारी संस्था एवं सहकारी उद्यमको विकासको लागि विशेषगरी महिला तथा युवा वर्गलाई प्रोत्साहन गरिनेछ ।

६ नगरभित्र रहेका सहकारिहरुलाई सूचिकृत गराई गरीवी निवारणको क्षेत्रमा लगानी प्रवर्द्धन गर्न आवश्यक प्रोत्साहन र वातावरण सिर्जना गरिने छ । साथै उत्कृष्ट सहकारीलाई पुरस्कृत गर्ने व्यवस्था समेत आगामी आ.व देखी शुरु गरिने छ ।

### स्वास्थ्य सम्वन्धी

१. नेपाल सरकारका स्वास्थ्य सम्वन्धी राष्ट्रिय अभियान खट्ने महिला स्वंयसेविकाहरुलाई प्रोत्साहन गर्न खाजा भत्ताको व्यवस्थाका साथै स्वयंसेविका दिवश मनाउन आवश्यक कार्यक्रमको व्यवस्था गरिनेछ ।

२. स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार विकास एवं नगरवासीहरुको आवश्यकतालाई मध्यनजगर गरी स्तरवृद्धि एवं विशेषज्ञ सेवाको लागि नेपाल सरकारसँग पहल गरिनेछ ।

३. स्वास्थ्य र सरसफाई सम्वन्धी जनचेतना अभिवृद्धि गरी लागु पर्दाथ दुव्यसनी तथा Hiv/AIDS जस्ता संक्रामक रोगहरुको नियन्त्रण हेरचाह र उपचारलाई सहज तुल्याउन विभिन्न स्वास्थ्य सस्थाहरुको सहयोग, समन्वय र साझेदारी गर्ने नीति अवलम्वन गरिनेछ ।

## महिला तथा बालबालिका सम्वन्धी

### महिला

१. एकै वडामा आमा समूह, युवा क्लव, जनजाति एवं विभिन्न समुदायले भवन निर्माणका लागि जग्गा एवं रकम माग गर्दै आउने गरेकोमा बजेट छिरल्ने भन्दा पनि त्यस्ताका हकमा सकभर एउटै वहृउद्देश्यीय भवनलाई प्राथमिकता दिने नीति लिईने छ साथै नगरपालिकामा निर्माण हुने वहुउद्देश्यीय भवनका लागि कम्तिमा १ रोपनी क्षेत्रफलको जग्गा हुनुपर्ने नीतिलाई कडाईका साथ लागु गरिनेछ ।

२. विकासका हरेक क्रियाकलापहरुमा महिलावर्गको कम्तीमा ४०% समन्यायिक सहभागिता र पँहुच सुनिश्चित गर्ने नीति अवलम्वन गरिनेछ साथै लैङ्गिक विकासका लागि समतामूलक व्यवहार, लैङ्गिक बजेट र शशक्तिकरण गर्ने नीति लिइनेछ ।

३. सवै प्रकारका हिंसामा परेका महिला त्यसमा पनि विपन्न एवं पछाडि पारिएका महिलाहरु, अपाङ्ग महिलाहरुलाई सामाजिक न्याय दिलाउन समुदायलाई नै शशक्तिकरण गर्ने नीति अबलम्वन गरिने छ ।

### बालबालिका सम्वन्धी

१. बालमैत्री स्थानीय शासन अबलम्वन गरेको यस नगरपालिकालाई बालमैत्री घोषणाको आवश्यक पूर्वाधार तयार गर्न आगामी आ.ब. २०७३/०७४ लाई बालमैत्री पूर्वाधार निर्माण बर्ष अभियानका रुपमा अघि वढाईने छ ।

२. बालमैत्री स्थानीय शासनका पूर्वाधारहरु पूरा गर्दै २०७४ साल भित्र लेखनाथ नगरपालिकालाई बालमैत्री नगर घोषणा गरिनेछ ।

३. नगरक्षेत्रमा सार्वजनिक जग्गाको अतिक्रमण एवं तिव्र शहरीकरणको अवस्था समेतले खुल्ला स्थान एवं पार्कहरुको व्यवस्था हुन नसकेकाले वडाहरुमा कम्तीमा एउटा बालउद्यान निर्माणलाई प्राथमिकता दिईनेछ

४. बाल संरक्षण तथा बालश्रम न्यूनिकरणका कार्यक्रमहरुलाई निरन्तरता दिदै आपतकालिन अवस्थामा रहेका बालबालिकाको उद्धार तथा सिफारिसका लागि बनाइएको निर्देशिकालाई पूर्ण रुपमा कार्यन्वयनमा लाईनेछ । साथै निर्देशिका बमोजिम संचालन गरिएको कोषमा यस बर्ष पनि रकम थप गरिनेछ ।

५. अन्तर्राष्ट्रिय बाल अधिकार सम्बन्धी महासन्धी एवं राष्ट्रिय नीतिहरु समेतले निर्दिष्ट गरेका बालबालिकाहरुको बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारलाई स्थापित गराउन नगरका तल्लोतहमा रहेका समुदायलाई प्रवर्द्धन गर्ने नीति लिइने छ ।

६. युनिसेफ नेपालसँगको साँझेदारीमा बाल श्रम तथा बाल संरक्षण सम्बन्धी कार्यक्रमलाई प्रभावकारी ढंगले अघि वढाईने छ । साथै नगरपालिकाका टोलहरुलाई बालश्रम मुक्त बनाउने कार्यक्रमलाई आ.ब. २०७२/०७३ मा पनि निरन्तरता दिदै नगरका थप १८ वटा टोललाई बालश्रम मुक्त टोल घोषणा गरिनेछ

७. स्थानीय तहमा बालबालिकालाई उनीहरु विरुद्ध हुने हरेक प्रकार भेदभाव, हिंसा, शोषण, दुर्व्यवहार जस्ता जोखिमबाट संरक्षण गर्दै बाल मैत्री स्थानीय शासनको प्रवर्द्धन गरिने छ र नगरका १८ वटै वडालाई स्थानीय वालमैत्री वनाउने नीतिलाई यस बर्ष पनि निरन्तरता दिईने छ ।

८. नगरको मुख्य पर्यटकिय क्षेत्र बेगनासतालका होटलहरुमा बालश्रमिक न्यूनिकरणका लागि सवैले देख्ने गरी बालश्रममुक्त होटलको अवधारणालाई अगाडी वढाईने छ ।

९. उपभोक्ता समितिसँग योजना संझौता गर्दा बालश्रम नराख्ने शर्तलाई कडाईका साथ पालना गर्न लगाईने छ । साथै नगरपालिकाको चिट्ठीपत्र पठाउँदा खाम र लेटरप्याडमा “बालश्रम प्रयोग नगरौं” भन्ने सन्देश राख्ने व्यवस्था मिलाईने छ ।

१०. बालबालिकाको नगर प्रोफायल, बालबालिकाको लगानी योजना निर्माणको प्रक्रियालाई अघि बढाई बालमैत्री नगर प्रवर्द्धनमा सहयोग गर्ने नीति लिईने छ ।

११. सामुदायिक विद्यालयमा रहेका बालविकास केन्द्रहरुको स्तरोन्नतीका लागि भौतिक पूर्वाधार सुधारमा सहयोग गर्ने नीति लिईने छ ।

१२. स्वास्थ्य स्वयंसेविका, समुदाय परिचालक, टोलविकास संस्था, विद्यालय व्यवस्थापन समिति र स्थानीय स्तरमा सामाजिक संघसंस्था, राजनीतिक दलका कार्यकर्ता र नगरवासीसँग सहकार्य गरी बालमैत्री बर्ष अभियानलाई अघि वढाईनेछ ।

१३. जोखिम, आपतकालिन, अति विपन्न एवं पिछडिएका र अपाङ्ग, बालबालिकालाई विद्यालय जान प्रोत्साहन गर्ने उद्देश्यले शैक्षिक सामाग्री बितरणलाई निरन्तरता दिईनेछ ।

१४ बालिकालाई नियमित विधालय जान प्रोत्साहन गर्न सामुदायिक बिद्यालयमा सेनिटरी प्याड वितरण गर्ने र नीजि बिद्यालयलाई सो व्यवस्था मिलाउन निर्देशन लिने नीति लिईने छ ।

१५. बालमैत्री अभियानलाई सफल बनाउन नगरक्षेत्रमा क्रियाशिल विभिन्न संघसंस्थासँगको साँझेदारीलाई प्राथमिकताका साथ अघि वढाईनेछ ।

## दलीत/आदिवासी/जनजाति/सीमान्तकृत सम्वन्धी

१. दलीत आदिवासी/जनजाति/सीमान्तकृतहरुको हक, अधिकार प्रवर्द्धन, भेदभावको अन्त्य एवं विकास निर्माण प्रकृयामा समावेशिपूर्ण सहभागिता सुनिश्चित गर्न संस्थागत संजाल निर्माण गरिएको छ । यसलाई अझ प्रभावकारी वनाईने नीति लिइने छ ।

२. दलीत आदिवासी/जनजाति/सीमान्तकृतहरुको परम्परागत शिप, विकास भाषा, लिपी तथा संस्कृति संरक्षणमा ध्यान पुऱ्याइनेछ ।

३. लक्षीत वर्ग केन्द्रित कार्यक्रम एवं संचालन गर्दा गठन हुने नगरस्तरीय समन्वय समितिहरुको समन्वयमा कार्यक्रम छनौट तथा कार्यान्वयन गर्ने परिपाटी बसाइने छ ।

## अपाङ्गता सम्बन्धी

१ जनआन्दोलन, जनयुद्ध एवं द्वन्दका क्रममा घाईते भएका अपाङ्गहरुको सूचिकृत गरी जिविकोपार्जनमा सहयोग पुऱ्याउने गतिविधि संचालन गरिने छ ।

२. नगरपालिका कार्यालयलाई अपाङ्गमैत्री वनाउन चालु आ.ब. मा तल्लो फ्ल्याटसम्म अपाङ्ग मैत्री मार्ग निर्माण गरिने छ भने नगरक्षेत्र भित्र निर्माण हुने सामुदायीक, सार्वजनिक एवं सरकारी भवनहरु अपाङ्गमैत्री भएपछि मात्र नक्सापास गरिने व्यवस्था मिलाईने छ ।

३. अपाङ्गता भएका ब्यक्तिहरुको सम्मान, पहिचान र विकासमा अधिकार एवं पहुच वृद्धि गर्न अपाङ्गमैत्री पुर्वाधार सृजना गर्ने नीति लिइनेछ ।

४ सबै प्रकारको अपाङ्गता भएका ब्यक्तिहरुको आर्यआर्जन नेतृत्व विकास र सहायक सामाग्रीहरु उपलब्ध गराउने सम्बन्धी ठोस कार्यक्रमहरु संचालन गरि उनिहरुको क्षमता विकास र आत्मनिर्भरताको प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

## ज्येष्ठ नागरिक

१) ज्येष्ठ नागरिकका लागि विभिन्न स्थानमा डे केयर सेन्टर खोली जिवनपद्दतीलाई सहज तुल्याउने बातावरण तयार गरिनेछ ।

२) ज्येष्ठ नागरिकहरुको समाजमा सामाजिक पहिचान र सम्मान वृद्धि गर्न सहयोग एवं सम्मान पुग्ने खालका कार्यहरु संचालन गरिने छ ।

३ ज्येष्ठ नागरिकको दिर्धजीवन, उचित सामाजिक सुरक्षाको लागी वृद्धाश्रम निर्माण गरी अत्यन्तै जोखिममा रहेका ज्येष्ठ नागरिकलाई राहत एवं पुर्नस्थापनामा सहयोग पुग्ने कार्यक्रम संचालन गर्न पहल गरिनेछ । ज्येष्ठ नागरिक वृत्तिलाई समयमा नै उपलब्ध गराइने छ । एवं यसको पारदर्शिताको लागी वृत्ति वितरणको नाम, सहित र्सावजनिक गरिने छ ।

४. जेष्ठ नागरिकहरु वसोबास गर्दै आएका नगरभित्रका विभिन्न वृद्धाश्रमहरुमा उनिहरुको स्वास्थ्य जाँचको व्यवस्था मिलाईनेछ ।

## गैरसरकारी संघ संस्था एवं सामाजिक परिचालन सम्बन्धी

१ नगरका तुलनात्मकरुपमा पिछडिएका क्षेत्रहरुमा तथा पिछडिएका वर्ग र समुदायमा लक्षीत गरि आफ्ना कार्यक्रमहरु संचालन गर्ने गै.स.स हरुलाई परिचालन एंव प्रोत्साहित गरिनेछ ।

२ गैर सरकारी संघ संस्था मार्फत संचालित कार्यक्रमहरु र कार्यक्रमहरुको संयुक्त अनुगमन गर्ने व्यबस्था मिलाई प्रभाबकारीता अभिवृद्धि गरिने छ ।

३ नगरपालिकाको सहयोग, समन्वय, साँझेदारी र स्वीकृती विना संचालन गरिने गैरसरकारी संस्थाका क्रियाकलापहरुलाई प्रोत्साहित नगर्ने नीति लिईनेछ ।

## युवा तथा खेलकुद

१. नगरस्तरिय खेलकुद विकास समिति गठन गरी सो समितिको समन्वयमा, खेलकुद क्षेत्रको विकास एवं प्रवर्द्धन सम्वन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।

२. युवाहरुलाई स्वरोगजगारमुलक क्रियाकलापहरु एवं सामाजिक परिवर्तनका वाहकका रुपमा परिचालन गर्न पहल गरिनेछ ।

३ न.पा सम्वन्धी अध्ययन अन्वेषण, अनुसन्धानात्मक कार्य गर्ने व्यक्ति, संस्थाहरुलाई विद्गत वृत्ति उपलब्ध गराउने नीति लिईनेछ ।

## संचारक्षेत्र एवं पत्रकारिता विकास

१. स्थानीय पत्रपत्रिका तथा आम संचार माध्यमको संरक्षण र सम्वर्द्धनका लागि आवश्यक सहयोग गर्ने नीति अवलम्वन गरिनेछ ।

२. लेखनाथ नगरपालिकामा हुने गरेका विकासका कार्यलाई संचारक्षेत्रसँग आवद्ध गरी विकास पत्रकारिताका माध्यमवाट सुशासन एवं पारदर्शिता कायम गर्ने नीति लिईनेछ साथै लेखनाथ नगरपालिकाले गरेका राम्रा कामहरुलाई संचारमाध्यममा प्रभावकारी ढङ्गले प्रकाशन/प्रशारण गर्ने संस्थालाई प्रोत्साहन गरिनेछ ।

३. सूचनाको हक सम्वन्धी ऐनले निर्दिष्ट गरेका सूचनाहरुको पहुचमा सरलता ल्याईने छ ।

## तथ्यांक एवं सूचना विकास

१. नगरपालिकाको जानकारीमुलक तथ्यांक समेटिएको एक ब्रुसर प्रकाशन गरी "एक घर एक ब्रुसर"को नीतिलाई कार्यान्वयन गरिनेछ ।

२. न.पाको सूचना एवं जानकारी समेटिएको क्यालेण्डर भित्तेपात्रो प्रकाशन गरी नगरवासीको घरसम्म पुर्‍याउने व्यवस्था मिलाईने छ ।

३. नगरपालिकासँग सम्वद्ध सम्पूर्ण सूचना तथा तथ्यांकहरु अद्यावधिक गरी नगरवासीको पहुच पुर्‍याईने छ ।

४. सवै किसिमका तथ्यांकहरु, अनुसन्धान तथा अध्ययन बिवरण, भू-उपयोग योजना लगायत भौतिक तथा सामाजिक विकाससँग सम्वन्धित बिवरणहरु एकिकृत रुपमा उपलब्ध गराउन एकिकृत तथ्यांक प्रणाली लागु गर्न पहल गरिनेछ ।

५. लेखनाथ नगरपालिकाका प्रकाशनहरुलाई नियमित र व्यवस्थीत गर्दै न.पा का सवै गतिविधिहरुवाट नगरवासीहरुलाई सूसुचित गरिनेछ ।

६. नगरपालिकाका मुख्य गतिविधिहरुलाई स्थानीय पत्रपत्रिका, रेडियो एफएम, टेलिभिजन र न.पा को आफ्नै वेभसाइट मार्फत जानकारी गराईनेछ ।

## घ संगठन तथा प्रशासन नीति

१. लेखनाथ नगरपालिकाको प्रशासनिक तथा सांगठनिक संरचना र संस्थागत प्रणालीलाई भरपर्दो चुस्त दुरुस्त विश्वसनिय, क्षमतायुक्त प्रभावकारी तुल्याउन सहभागिता, जवाफदेहिता, पारदर्शिता एवं मितव्ययितालाई प्रभावकारी बनाईनेछ ।

२. प्रत्येक बर्ष माघ १८ गते लाई न.पा स्थापना दिवस एवं वार्षिकोत्सवका रुपमा र पौष १३, १४ र १५ लाई लेखनाथ जयन्तीको रुपमा मनाउने कार्यलाई निरन्तरता दिईनेछ ।

३. नगरका वडा सेवा केन्द्र भवनहरुको आवश्यक मर्मत सुधार एवं भवन नभएका स्थानमा भविश्यमा वडा समितिको कार्यलय सोहि स्थानमा प्रयोग गर्न मिल्नेगरि वडा सेवा केन्द्र भवन निर्माणको पहल गरिनुका साथै वडा सेवा केन्द्रलाई प्रभावकारी एवं जिम्मेवार बनाउने नीति अवलम्वन गरिनेछ ।

४. क्षमता बिकास योजना तयार गरी सो बमोजिम नगरपालिकामा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी उत्पेरित, प्रतिस्पर्धी, सक्षम, उत्तरदायी, ईमान्दारीता र नतिजामुखी बनाईनेछ ।

५. नगरपालिकाको कार्य सम्पादनलाई छिटो, छरितो, पारदर्शी एवं सेवाग्राहीमुखी तुल्याउन व्यवस्थापकिय क्षमता अभिवृद्धिमा जोड दिईनेछ ।

६. सेवाग्राहीहरुवाटै कर्मचारीहरुको मुल्यांकन गरिने परिपाटी (Citizen Report Card) नीतिलाई निरन्तरता दिदैं लगिनेछ ।

७. प्रशासनिक खर्चको मितव्ययितामा आधारित नयाँ अल्पकालिन सेवा करार सम्बन्धि आवश्यकिय सेवाको पहिचान तथा व्यवस्थापन गरिनेछ ।

८. नगरपालिकाको संस्थागत क्षमता बृद्धिका लागी भौतिक पुर्वाधारको विकास तथा अभिलेख राख्ने प्रणालीलाई व्यवस्थित गर्दै लगिनेछ ।

९. कर्मचारीको कार्य सम्पादन मूल्याङ्कनका आधारमा पदस्थापन , बढुवा , तालिम,बृत्ति विकास, पुरस्कार र सजाँयको साथै उत्कृष्ट कार्य गरि नगरपालिकालाई प्रवर्द्धन गर्ने कर्मचारी, करदाता, उपभोक्ता समिति, समाजसेवी, पत्रकार र टोल विकास संस्थाहरुलाई पुरस्कृत गर्ने पद्धतिलाई अबलम्बन गर्दै लगिनेछ ।

१०. नगरवासीहरुको नाममा जारी गरिएको नगरपालिकाको नागरिक वडा पत्र र बार्षिक रुपमा नगरपालिकामा गरिने कार्य सम्पादनको जानकारी नगरबासीहरुको पहुँचसम्म पुर-याउने व्यवस्था मिलाईनेछ ।

११. पश्चिमांचल क्षेत्रका नगरपालिकाहरु विच अनुभव आदान प्रंदान गर्ने र सोही माध्यम बाट क्षमता अभिवृद्धि गर्ने उद्येश्यले क्षेत्रिय अध्ययन केन्द्र मार्फत संचालन गरिने कार्यक्रमहरुमा सहयोग एवं सहभागितालाई निरन्तरता दिईनेछ ।

१२. नगरपालिकाहरुको न्यूनतम शर्त तथा कार्य सम्पादन मापन MCPM निर्देशिकाको आधारमा प्राप्त जिम्मेवारी र मापनलाई आधार मानी कर्मचारीहरुलाई प्रोस्साहन गरिदै लगिनेछ ।

१३. सेवाग्राहिलाई सेवा प्रदान गर्दा पहिले आउनेलाई पहिलो प्राथमिकता ( First come first Service ) दिईने नीति अवलम्वन गरिनेछ । साथै अपाङ्ग, एवं बृद्ध बृद्धालाई सेवा प्रबाहमा प्राथमिकता दिईनेछ ।

१४. नगरपालिका स्थापना दिवसका सन्धवमा नगर भित्रका आमा समुह ,युवा क्लव , टोल विकास संस्था र समाजसेवी आदीको सहयोगमा रक्तदान शिविर संचालन गरिनेछ ।

## राजश्व परिचालन सम्वन्धी नीति

१. कर राजश्व परिचालनको लागि, राजश्व सम्वन्धी अध्ययन गराइने, करका नयाँ क्षेत्रहरु पहिचान गर्ने, कर उठाउने प्रकृया निश्चित गर्ने साथै करदाताहरुलाई शिक्षा/जानकारी दिने कार्यलाई निरनतरता दिईनेछ ।

२. टोल विकास संस्थाहरुको क्षमता अभिवृद्धि गरी उनिहरु मार्फत नै कर संकलन र कर सूचना प्राप्त गर्ने परिपाटीलाई निरन्तरता दिदै अन्य वडाहरुमा थप गरिदै लगिनेछ । टोल विकास संस्थाबाट बहाल कर उठाउनको लागि आ.व.२०७३/०७४ मा वडा नं.१,३ र ११ मा लागु गरि प्रभावकारिताको आधारमा आ.व.२०७५/०७६ मा नगरपालिकाका सम्पुर्ण वडाहरुमा लागु गरिनेछ ।

३. वडा सेवाकेन्द्रहरुलाई कर सूचना एंव कर संकलन कार्यमा व्यापक सहभागी गराई सो कार्यमा खटिने कर्मचारी तथा टोल विकास संस्थालाई प्रोत्साहन स्वरुप केही अंश उपलब्ध गराउने नीति लाई निरन्तरता दिईनेछ ।

४. करदातालाई समयमै कर सम्वन्धी सूचना उपलब्ध गराउने, सरल र सहज ढंगवाट सेवा उपलब्ध गराउन कर मैत्री वातावरण श्रृजना गरिनेछ ।

५. ठुला करदाताको छुट्टै लगतका साथै करको Database तयार गने कार्यलाई निरन्तरता दिईनेछ ।

६. कर परिचालनमा उद्योग वाणिज्य संघ सँगको सहकार्यलाई प्रभावकारी बनाईदै लगिनेछ ।

७. लेखनाथ क्षेत्रमा स्टार होटल निर्माण तथा व्यवस्थापन गर्न चाहने होटल व्यवसायीहरुलाई २०७५ साल भित्र निर्माण तथा व्यवस्थापन स्वीकृतीको लागि आएमा पहिलो ५ वर्ष सम्म कर छुटको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

८. व्यवसाय करदाताहरु पहिलोपटक दर्ता हुन आउँदा पहिलो तीन महिनाको लागि प्रोस्साहन स्वरुप दर्ता शुल्कमा छुट दिईने नितिलाई निरन्तरता दिईनेछ ।

## ङ. जलश्रोत तथा भूमि सम्वन्धी नीति

१ नगरका पहाडी वडाहरुबाट एकोहोरो रुपमा समथर क्षेत्रका मलिलो फाँटमा बस्ती विस्तार भैरहेको विषयलाई ब्यवस्थित गर्न नगरका पहाडी वडाहरुमा शिक्षा, स्वास्थ्य, यातायात, संचार, खानेपानी लगायत आधारभुत सेवा तथा सुविधाहरुलाई सुलभ गराई पहाडी वडाहरुका टोल बस्ति बाट बसाई सराई गरि समथर क्षेत्रतर्फ आउने प्रबृत्तिलाई रोक्न पहल गर्ने नीति निरन्तरता दिनका साथै पहाडी वडामा बसाई सराई गर्ने तर्फ प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ । त्यसका लागि ति क्षेत्रमा न्यूनतम बिकासका पुर्वाधार पुरा गर्ने तर्फ कार्यक्रम/योजना कार्यान्वयान गर्न सम्बद्ध अन्य विषयगत समिति एवं सम्वद्ध कार्यालय संघ/संस्था तथा दातृ निकाय संग समन्वयन गर्न नगरपालीकाले विशेष पहल गर्ने यसका लागि समग्र नगरको Land Use Plan भु-उपयोग नीति तयार/परिमार्जन गरि कडाईका साथ लागु गर्न पहल गर्ने नीति अवलम्बन गरिनेछ ।

२ नगर क्षेत्रमा रहेका नदि ताल तलैयाबाट भईरहेको भुक्षय/भुस्खलनको समग्र अध्ययन अनुसन्धान गरि नगर भु संरक्षण योजना तयार गर्नका लागि एक योजना तयार गरिने नीति अवलम्वन गरिनेछ ।

३ नगर क्षेत्र भित्रका नदि खोला नाला किनाराबाट ढुंगा गिटी बालुवा माटो लगायतका निर्माण सामाग्री उत्खनन गरि निकासी गर्ने र कतिपय स्थानमा ब्यक्तिगत रुपमा समेत जमिन उत्तखनन गरि जमिनको भु स्वरुप विगार्ने गरेको तथ्यलाई मनन गरि नगरको भु संरक्षणलाई प्राथमिकतामा राखि त्यस प्रकारको उत्खनन गर्ने कार्यलाई ब्यवस्थित गर्ने र नदि खोला नहर ताल एवं जलाशय किनारमा Bio–Engineering Plantation लाई कार्यान्वायन गर्ने तर्फ कार्यक्रम ल्याईने छ ।

४ क्रमिक रुपमा भैरहेको जग्गा खण्डिकरणका कारण क्रमशः कृषि उत्पादकत्वमा ह्रास आईरहेको सन्दर्भमा चक्लाबन्दी खेती प्रणाली एवं सार्वजनिक पर्ति जग्गामा पशुपालन, माछापालन, अलैची, अम्रीसो डालेघाँस आदि , सामुहिक खेती गर्ने समुहहरुलाई प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ ।

५ नगरमा भैरहेका सार्वजनिक पर्ति जग्गाहरुको कंक्रिट पिलर गाडि सिमांकन गर्ने र ती जग्गाहरुको समुचित उपयोग गर्ने तर्फ स्थानिय समुदाय संग समन्वय गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

६ नगरको संभाब्य क्षेत्रमा Bio- Diversity Plan निमार्ण गरि जैविक विविधता संरक्षण गर्ने नीति अवलम्वन गरिनेछ ।

७ नगरमा भैरहेको अनाधिकृत जग्गा खण्डिकरण Land Plotting लाई ब्यवस्थित गर्ने र सडक नदिनाला, नहर तालको मापदण्ड लाई कडाईका साथ पालना गराउने कार्यलाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।

८ सडक नहर ताल डिलभिरको मापदण्ड विपरित बनेका अनियमित घर टहरा लगायतका भौतिक संरचना एवं बाण्डो पर्खाल हटाउने कार्यलाई निरन्तरता दिईनेछ ।

९ सार्वजनिक पर्ति जग्गाको सीमांकन गरी सार्वजनिक जग्गा संरक्षण कार्यलाइ निरन्तरता दिइनेछ ।

१० ताल बचाउ अभियान अन्तर्गत रुपाताल बाट क्रमशः यो अभियानलाइ अगाडी बढाउन विवेचित अवधिमा रुपाताल संरक्षणको DPR तयार गरिनेछ ।

११ नगरका मूख्य सिंचाइ प्रणाली – विजयपुर सिंचाइ प्रणाली र वेगनास सिंचाइ प्रणालीलाइ संरक्षण गर्ने कार्यलाइ निरन्तरता दिइनेछ ।

१२ आ.व. ०७३।०७४ मा पनि वेगनास तालको जलकुम्भी झार नियन्त्रण एवं व्यवस्थापन गर्ने कार्यलाइ निरन्तरता दिइनेछ ।

१३ नगरका सबै १८ वटै वडामा भूमी संरक्षण एवं जलस्रोत तर्फका कम्तीमा एक एक वटा योजना कार्यान्वयन गर्ने व्यवस्था गरी नगरको क्षेत्रीय विकासको अवधारणा लाई अगाडी बढाइनेछ ।

**उपस्थित महानुभावहरु**

**अव म आ.व. २०७३/०७४ को लागि प्रस्तावित बजेट प्रस्तुत गर्न चाहान्छु ।**

सीमित श्रोत साधनले असीमित माग र बढ्दो आकांक्षा एकै पटक सम्बोधन गर्न नसकिने यथार्थतामा नगरपालिका लाई नेपाल सरकार, दातृनिकाय, विभिन्न संघ सस्थाबाट प्राप्त हुने सशर्त तथा निर्शत अनुदान, ऋण तथा आन्तरिक आय एवं लागत सहभागिताको दायरालाई समेत मूल्याङ्कन गरी बजेट तर्जुमा गरिएको छ ।

चालु आ.ब. ०७२/०७३ का लागि कुल बजेट रु २२ करोड ४९ लाख ४७ हजार अनुमान गरिएको थियो भने आर्थिक बर्ष २०७३/०७४ को लागि २१ करोड ५२ लाख २० हजार बजेट अनुमान गरिएको छ । जसमा कुल आन्तरिक श्रोत तर्फ रु. २ करोड ९० लाख (१३.४७%) र वाह्य श्रोत तर्फ रु. १८ करोड ६२ लाख २० हजार (८६.५३%) अनुमान रहेको छ ।

चालु आर्थिक बर्षमा विश्व वैंकको अनुदान सहयोगमा निर्माण हुने आयोजनाहरुका कारणले बजेटको मात्रा बढ्न गएकोमा उक्त आयोजनाहरु चालु आ.ब.मा नै सम्पन्न भै सक्ने हुँदा ४.३३% ले आगामी आ.ब.को बजेट कमी हुन गएको छ ।

आगामी आ.व को लागि प्रस्तावित बजेटमा खर्च व्यहोर्ने मुख्य मुख्य श्रोतहरुमा आन्तरिक श्रोत तर्फ स्थानीय करवाट रु.१ करोड १४ लाख ६५ हजार, सेवा शुल्कवाट १४ लाख १० हजार, दस्तुरवाट रु. १ करोड ५४ लाख २३ हजार बिक्रीवाट रु. १ लाख र अन्य आयबाट ६ लाख २ हजार अनुमान गरिएकोछ । यो अनुमान चालु आ.व.को अनुमान भन्दा ११.७७ प्रतिशतले वढी छ ।

यसै गरी वाह्यतर्फ नेपाल सरकारवाट प्राप्त सशर्त /निशर्त अनुदानवाट रु. १२ करोड ७१ लाख ४५ हजार, राजश्व वाड फाँड तथा रजिष्ट्रेशन दस्तुरबाट रु.२ करोड ४० लाख, अन्य निकायबाट रु. १ करोड २० लाख ७५ हजार, लागत सहभागिताबाट रु. २ करोड ३० लाख प्राप्त हुने अनुमान गरिएको छ । यो अनुमान चालु आ.व.को अनुमान भन्दा १९.४९ प्रतिशतले कम छ ।

यसै गरी विषयगत समिति तर्फ निम्नानुसार व्यय हुने प्रस्ताव गरेको छु ।

**<u>बिषयगत समिति तर्फको विनियोजित बजेट :</u>**

| सि.नं. | विषयगत समिति | चालु आ.व.२०७२/०७३ | | आ.व. २०७३/०७४ | |
|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | पूर्वाधार तथा संरचना विकास | ११,७७,४४000.00 | ५२.३४ | ७,६७,७२,000.00 | ३५.६७ |
| २ | कृषि, वन तथा वातावरण | ८0,00,000.00 | ३.५६ | १,३४,५0,000.00 | ६.२५ |
| ३ | जनसंख्या तथा सामाजिक | ६,१८,८३,000.00 | २७.५१ | ८,१८,१२,000.00 | ३८.0१ |
| ४ | संगठन तथा प्रशासन | ३,0३,२0,000.00 | १३.४८ | ३,८0,८६,000.00 | १७.७0 |
| ५ | जलश्रोत तथा भूमि | ७0,00,000.00 | ३.११ | ५१,00,000.00 | २.३७ |
| | **जम्मा रु.** | २२,४९,४७,000.00 | १00 | २१,५२,२0,000.00 | १00 |

पूर्वाधार तथा संरचना विकास समिति तर्फ रु. ७ करोड ६७ लाख ७२ हजार कूल व्ययको ३५.६७ % रहेको छ । कृषि वन तथा वातावरण तर्फ रु.१ करोड ३४ लाख ५० हजार कूल व्ययको ६.२५ %, जनसंख्या तथा सामाजिक तर्फ रु. ८ करोड १८ लाख १२ हजार कूल व्ययको ३८.0१%, संगठन तथा प्रशासन तर्फ रु. ३ करोड ८0 लाख ८६ हजार, कूल व्ययको १७.७0 % र जलश्रोत तथा भूमि तर्फ रु. ५१ लाख कूल व्ययको २.३७ % व्यय हुने अनुमान गरिएको छ ।

**उपस्थित महानुभावहरु**

कुनै एक क्षेत्रको विकासले मात्रै समग्र नगरको सन्तुलित विकास हुन नसक्ने वस्तुगत तथ्यलाई मनन गर्दै, योजना तथा कार्यक्रम तय गर्दा सवै क्षेत्रलाई समेटने प्रयास गरिएको छ । यसवाट सवै क्षेत्रको सन्तुलित विकासमा टेवा पुग्न जाने विश्वास लिएका छौं भने अर्को तर्फ सिमित श्रोत र साधनलाई परिचालन गर्नुपर्दा श्रोत छिरोलिन गएको भन्ने आलोचनावाट मुक्त हुन कम्तिमा रु १ लाख ५० हजार भन्दा कम वजेटका आयोजना छनौट नगर्ने नीति अवलम्बन गरिएको छ ।

योजना तर्जुमा गर्नु मात्र महत्वपूर्ण विषय होइन, यसको लक्ष्य एवं उद्देश्यहरु प्राप्तीका लागि प्रभावकारी कार्यान्वयन, अनुगमन एवं मुल्यांकन जरुरी हुन्छ । यसका साथै आवश्यक क्षमता विकास, संस्थागत, नीतिगत, कार्यविधिगत सुधारका कार्यहरु समेत आवश्यक पर्न जान्छन् । यसको लागि आवश्यकतानुसार सरकारी, गैर सरकारी, नागरिक समाज, संचारकर्मी, उपभोक्ता नगरवासी समेतको संयुक्त सहभागितामा, सम्पादित कामको गुणस्तरको सुनिश्चितता, पारदर्शीता एवं उत्तरदायीत्व वहनमा थप टेवा पुग्ने विश्वास लिएका छौं ।

उपरोक्त बजेट, नीति तथा कार्यक्रम कार्यान्वयनमा सदा झै यहाँहरुको सल्लाह, सुझाव एवं सिर्जनात्मक आलोचना तथा पृष्ठपोषणको अपेक्षा गरेका छौं ।

**अन्तमा**

प्रस्तुत वजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण नगरवासी आमा, वुवा, दाजुभाई तथा दिदीबहिनीहरुमा धन्यवाद दिन चाहन्छु । बजेट नीति तथा कार्यक्रम तर्जुमाका शिलशिलामा नगरस्तरिय राजनैतिक पार्टीका पदाधिकारीज्यूहरुको विकास प्रतिको एकता, संवेदनशिलता, क्षेत्रगत सूचनाको जानकारी एवं दलहरु विच रहेको उच्चस्तरिय समन्वय, सहभागिता एवं  पृष्ठपोषण हाम्रा लागि अत्यन्त महत्वपूर्ण रह्यो । यसप्रति हार्दिक आभार एवं कृतज्ञता प्रकट गर्दै यस कार्यमा प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा सघाउ पुर्‍याउनु हुने विषयगत कार्यालय, विभिन्न विषयसँग सम्वन्धीत नगरस्तरिय संजालका प्रतिनिधिज्यूहरु नागरिक समाज, गैरसरकारी, सामुदायीक तथा नीजि क्षेत्रका संघसंस्था, विभिन्न विषयगत समितिमा रहेर योगदान पुर्‍याउनु हुने कर्मचारी साथीहरु, व्यवसायी, उद्यमी, समाजसेवी, वुद्धिजिवि, संचारकर्मी प्रति हार्दिक धन्यवाद दिन चाहान्छौं । यस परिषदवाट प्रस्तुत नगरविकास योजनालाई सफल र प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सम्वद्ध सवै पक्षवाट सदा झै निरन्तर सहयोगको अपेक्षा सहित हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने प्रमुख अतिथि ज्यूहरु, बिशिष्ठ अतिथिज्यूहरु, अतिथि ज्यूहरु तथा अन्य आमन्त्रित महानुभावहरु, संचारकर्मी मित्रहरु नगरवासी आमा, वुवा, दाजुभाई, दिदीबहिनीहरु प्रति हार्दिक कृतज्ञता प्रकट गर्दै पुनः सवैमा अभिवादन सहित विदा हुन्छु ।

धन्यवाद ।

२०७२ पौष २८ गते, मंगलबार

(लोक वहादुर भण्डारी)

प्रमुख एवं कार्यकारी अधिकृत (उपसचिव)